UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

# समावेशी संविधानसभाको निर्वाचनको तयारी पूरा

*स्वतन्त्र र निष्पक्ष निर्वाचनको परिस्थिति बनाउन के गर्नुपर्छ?*

**इयान मार्टिन, महासचिवका विशेष प्रतिनिधि**

संविधानसभाको निर्वाचन अब सही बाटोमा छ। फागुनमा सरकार एवम् संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चाबीच भएका दुई सम्झौतापछि समावेशी संविधानसभाको निर्वाचनका लागि परिस्थिति तयार भएको छ। एक अर्काको लोकतान्त्रिक अधिकारको आदर गर्दै संविधानसभाको निर्वाचनका लागि स्वतन्त्र र निष्पक्ष वातावरण संयुक्त रूपमा सिर्जना गर्ने कुरा अब राजनीतिक दल, नागरिक समाज र आम नेपाली जनतामा भर पर्छ। यो काममा संयुक्त राष्ट्रसंघले निरन्तर **सहायता** गर्दै जानेछ। म **सहायता** शब्दमा जोड दिन चाहन्छु किन कि यो प्रक्रियाका अन्य पक्षहरू जसरी नै यसको सफलताको कुरा नेपाली पात्रहरू आफैमा भर पर्छ।

स्वतन्त्र र निष्पक्ष निर्वाचनको परिस्थिति बनाउन के गर्नुपर्छ त?

आफूलाई मन लागेको ठाउँमा प्रचारप्रसार गर्न पाउने एक अर्काको अधिकारको सम्मान गर्ने कुरामा सबै दलले पुनः प्रतिबद्धता जनाउनुका साथै सबै सम्झौतामा अभिव्यक्त तथा निर्वाचन आचार संहिता अनुरूपका प्रावधानहरूको पूर्ण पालना गरिनुपर्छ। हरेक दिन विभिन्न स्थानबाट आचार संहिताको उल्लङ्घन भएका खबर आएका छन्। तिनलाई त्यसै छोड्नु हुँदैन। राष्ट्रसंघीय निर्वाचन विशेषज्ञहरूको अनुगमन टोली सहित सरकारले बोलाएका अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले कुनै पनि डर-धाक-धम्की र अनियमिता देखेमा चुप लागेर बस्दैनन् भन्ने कुरा सबै दलले बुझ्नुपर्छ।

अझै पनि असन्तुष्ट रहेकाहरूसँग वार्ताका लागि निरन्तर प्रयास हुनुपर्छ र जायज मागहरू हिंसाका मार्फतबाट होइन वार्ताका माध्यमबाट अगाडि ल्याइनुपर्छ। तर आफ्ना असन्तुष्टिका कारण हिंसात्मक क्रियाकलाप गर्ने वा निवार्चन प्रक्रियालाई बिथोल्न खोज्ने कुनै पनि समूहप्रति अन्तर्राष्ट्रिय समुदायको कुनै सहानुभूति रहने छैन।

शान्तिसुरक्षाको प्रश्न केवल विश्वसनीय निर्वाचनसँग मात्र सम्बन्धित छैन, यो त नेपाली जनताको दैनिक जीवन र आफू तथा आफ्ना बालबच्चाको सुनौलो भविष्य निर्माणसँग पनि सम्बन्धित छ। शान्तिसुरक्षाका लागि प्रहरी प्रशासनको प्रभावकारिताले मात्र पुग्दैन, यसका लागि त स्थानीय तहमा सबै लोकतान्त्रिक शक्तिको सहकार्य पनि चाहिन्छ।

निर्वाचनमा भाग लिइरहेका सबै दल तथा स्वतन्त्र उम्मेदवारले आफू हारे पनि निर्वाचनको परिणामलाई स्वीकार गर्ने कुरा लोकतान्त्रिक प्रक्रियाका लागि अत्यन्त महत्त्वपूर्ण छ। अन्मिनले शान्ति प्रक्रियालाई सहयोग गर्न अनुरोध गरिए बमोजिमका आफ्ना कामलाई कार्यान्वयन गरिरहने छ। हतियार अनुगमनको क्षेत्रमा, अन्मिनले शिविरमा रहेका माओवादी सेनाका लडाकूहरूको दर्ता र प्रमाणीकरणको काम सकेको छ। हामी माओवादी सेनाको शिविर क्षेत्रमा अनुगमनको सुदृढीकरण गरिरहेका छौं र नेपाली सेनासँग पनि सम्झौता अन्तर्गत अनुमति दिइएका गतिविधि सञ्चालन गर्नमा निर्धारित कार्यविधिको अनुसरण गर्ने बारेमा छलफल गरिरहेका छौं। विस्तृत शान्ति सम्झौता एवम् हतियार अनुगमन सम्झौता अन्तर्गतका प्रावधानहरूको कडाइका साथ पालना, त्यो पनि विशेषतः निर्वाचनको समयमा अनुगमन संयन्त्रको इमानदारिता जोगाउन तथा त्यसले प्रोत्साहित गर्ने राजनीतिक विश्वासलाई सम्बर्धन गर्नका लागि पनि महत्त्वपूर्ण छ।

मङ्सिरको चुनाव स्थगित भएपछि अन्मिनको निर्वाचनसम्बन्धी सल्लाहकारको भूमिका न्यून भएको थियो। हाल अन्मिनले आफ्ना निर्वाचन सल्लाहकार कर्मचारीहरूलाई देशभर पुनः पूर्ण रूपमा परिचालित गर्नुका साथै निर्वाचन आयोगको कार्यदिशका सबै क्षेत्रहरूमा आयोगसित निकट सहकार्य गरिरहेको छ।

अन्मिनले क्षेत्रीय कार्यालयहरू तथा घुम्ती टोलीका मार्फत देशव्यापी रूपमा युद्धविराम आचार संहिता र विस्तृत शान्ति सम्झौताको अनुगमन गर्ने गरेकाले सफल निर्वाचनका चुनौतीहरू के-के हुन् र त्यो सफलता हासिल गर्न के गर्नुपर्छ भन्ने कुरा हामीले अझ स्पष्टसँग बुझेका छौं। नेपालस्थित मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयले समानान्तर रूपमा मुलुकभरको मानवअधिकारको अवस्थाको अनुगमन गर्ने र त्यसको विषयमा जानकारी प्रदान गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। यो भूमिका निर्वाचन प्रक्रियाका लागि बढ्दो र प्रत्यक्ष रूपमा सान्दर्भिक छ। हामी सम्बन्धित सबैलाई हाम्रा निष्कर्ष, मूल्याङ्कन र सुझावहरू बारे जानकारी दिन्छौं। आगामी साताहरूमा प्रमुख राजनीतिकर्मीहरूलाई निर्वाचन परिस्थितिको नियमित मूल्याङ्कन बारे जानकारी प्रदान गर्ने र यस्तो जानकारी सर्वसाधारणलाई पनि बाँड्ने हाम्रो योजना छ।

नेपाल अहिले आफ्नो लोकतान्त्रिक रूपान्तरणको क्रममा २०६२/६३ को जनआन्दोलनमा नेपाली जनताले व्यक्त गरेको चाहनाको ऐतिहासिक प्राप्तिको एकदम नजिक छ। निर्वाचनलाई सफल लोकतान्त्रिक अभ्यास बनाउनका लागि सबै शक्तिले सहकार्य गर्नु अनिवार्य छ। स्वतन्त्र र निष्पक्ष चुनावका माध्यमबाट निर्वाचित समावेशी संविधानसभाले यो विविधतापूर्ण मुलुकको भविष्य निर्धारण गर्नका लागि लोकतान्त्रिक आधार दिनेछ र शान्ति तथा विकासका चुनौतीहरूलाई सम्बोधन गर्न सरकारलाई आवश्यक वैधता पनि प्रदान गर्नेछ।